**सुक्तिसुधा**

कमाउन जति गाह्रो छ, गुमाउन त्यत्रै सजिलो हुन्छ ।
– स्वेटमार्डन

## सम्पादकीय

# टिकटको लागि कांग्रेसमा दबाब

नेपाली काङ्ग्रेसको नेतृत्वले सत्ता गठबन्धन जोगाउन सिट बाँडफाँडमा लचिलो बनेको छ । काङ्ग्रेस ८५ सिट लिन तयार भएको समाचार आएपछि पार्टी भित्र असन्तुष्टि चुलिएको छ । नेपाली कांग्रेसको संस्थापनइतर समूहले चरणबद्ध आन्दोलनका कार्यक्रम घोषणा गरेको छ । समानुपातिक निर्वाचन प्रणालीको बन्दसूचीमा नेतृत्वले मनोमानी गरेको र इतर समूहलाई बेवास्ता गरेको भन्दै शेखर कोइराला समूहले आन्दोलनको घोषणा गरेको छ ।

सोमबार ठमेलस्थित होटल यात्रीमा भएको भेलाले समान हक र न्यायका लागि नेतृत्वलाई दबाब दिन विरोधका कार्यक्रम तय गरेको छ । समानुपातिकको बन्दसूची सच्याएर आफ्नो समूहका नेताहरूको नाम समावेश गर्न दबाब दिन असोज १२ गते पार्टी कार्यालय सानेपामा धर्ना दिने कार्यक्रम तय गरिएको छ । १२ बजेदेखि सुरु हुने धर्ना कार्यक्रम दुई घण्टा चल्नेछ। त्यस्तै, असोज १३ गते इतर समूहका पहिलो तहका नेताहरूसँग छलफल गर्ने निर्णय भेलाले गरेको छ । ' पार्टी कार्यालयपछि बालुवाटारमा धर्ना दिने कार्यक्रम तय हुने अवस्थामा विद्रोही समूह पुगेको छ। कार्यक्रमपछि बालुवाटारमा धर्ना दिने कार्यक्रमको खाका ल्याउन युवा नेताहरू लगेका छन । विद्रोहीले आफ्ना पक्षका नेताहरूलाई दबाब दिनेछन् ।

पार्टी सभापतिसँग के कुरा भइरहेको छ भन्नेबारे बुझन बत्तीसपुतलीको अनुपम फुडल्यान्डमा कार्यक्रम गरेर नेता डा. शेखर कोइराला, उपसभापति धनराज गुरुङ, महामन्त्री गगन थापा, पूर्वसहमहामन्त्री अर्जुननरसिंह केसीलगायतका इतर समूहका नेताहरूसँग छलफल गरिने कार्यक्रम बनेको छ । प्रतिनिधि र प्रदेशसभाको निर्वाचनका लागि टिकट वितरण गर्दा ४० प्रतिशत भाग पाउनुपर्ने माग गर्दै इतर समूहका दोस्रो तहका नेताहरूले दबाबमुलक कार्यक्रम गर्दै आएका छन् । उनीहरूले १४ असोजसम्म पनि माग सुनुवाइ नभए कठोर निर्णय लिनेसमेत चेतावनी दिएका छन् ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : अप्रत्यसित लाभ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : मन चञ्चल | धनु | : मानसिक तनाव |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शारीरिक झमेला |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : व्यापारमा लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# बरेली पौडेलको कुलपूजा हुने

पोखरापत्र संवाददाता
पोखरा, १० असोज

पोखरा महानगरपालिका वडा नं ३३ भरतपोखरीको बर मुल थलो भएका बरेली पौडेलहरूको कुलपूजा आगामी मङ्सिर २२ गते धान्य पूर्णिमाका दिन हुने भएको छ ।

कुलपूजा लगायतमा छलफल गर्न आज बरमाफथरको सिलिङ्गेमा आयोजित बृहत भेलामा कुलपूजालाई प्रभावकारी रुपमा सम्पन्न गर्ने लगायतका विभिन्न विषयमा छलफल गरी निर्णयहरू गरिएको बरेली पौडेल बंशावलीतथा कुलपूजा व्यवस्थापन समितिका अध्यक्ष राजुप्रसाद पौडेलले जानकारी दिनुभयो । कुलपूजाको सूचना तथा प्रचारप्रसारका लागि वासुदेव पौडेलको संयोजकत्वमा डण्डपाणि पौडेल र दामोदर पाध्या पौडेल सदस्य रहनुभएको प्रचारप्रसार उपसमिति गठन गरिएको छ। बैठकले बरेली पौडेल बंशावली तथा कुलपूजा व्यवस्थापन समितिको नाम संशोधन गरी बरेली पौडेल बंश तथा कुलपूजा व्यवस्थापन समिति राख्ने निर्णय गरेको छ । अध्यक्ष राजुप्रसाद पौडेलको अध्यक्षता एवम् सचिव कमलप्रसाद पौडेलले सञ्चालन गर्नुभएको कार्यक्रममा स्वागत कोषाध्यक्ष शान्ति पाध्याले गर्नुभएको थियो ।

# चण्डी माई मन्दिरमा नवदुर्गा पुजा तथा चण्डी पाठ

पोखरापत्र संवाददाता
पोखरा, १० असोज

पोखरा महानगरको मुद पोखरा-९, दरबारथोक (न्युरोड र नयाँबजारको विचभागमा अवस्थित) मा रहेको ऐतिहासिक तर प्रचारप्रसारको अभावमा पछाडि परेको चण्डी माई मन्दिरमा नवदुर्गा पुजा तथा चण्डी पाठ सोमबार घटस्थापनाको दिनदेखि सुरु भएको छ ।

चण्डी माई सेवा समितिको निर्णय बमोजिम गठन भएको नवदुर्गा पुजा तथा चण्डी पाठ मुल आयोजक समितिको आयोजनामा भएको दुर्गा पुजाको कार्यक्रम, संचार तथा प्रदेश सभा मामिला मन्त्री बिन्दु कुमार थापाले उद्घाटन गर्नु भएको थियो । मन्त्री थापाले स्थानिय आवश्यकता हेरी स्थानिय तथा प्रदेश सरकारले सहयोग गर्ने भएकोले पुजालाई निरन्तरता दिन आफुले सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए ।

सो अवसरमा टोल विकास संस्थाका उपाध्यक्ष सुर्यभक्त सिग्देल, चण्डीका आमा समुहकी अध्यक्ष गंगा सुवेदी, चण्डी माई मन्दिरका पुजारी प्रकाश अधिकारीले पुजा आयोजना हुनु सकरात्मक रहेको वताउँदै भक्तजनहरुलाई सक्रिय सहभागीता भइदिन आग्रह गरेका थिए । चण्डी माइ मन्दिर परिसरमा २०६९ सालदेखि दुर्गा पुजा गरिदै आएको छ भने मन्दिरमा निर्माण गरिएका दुर्गा, गणेश, कुमार, सरस्वती, लक्ष्मी लगाएतका देवदेवीका स्थायी मुर्तिहरु बनाइएकोले श्रद्धालु भक्तजनहरुको भिड लाग्ने गरेको पुजा व्यवस्थापन समितिका सदस्य पत्रकार कृष्ण रानाभाटले वताए। सो अवसरमा श्रद्धालु भक्तजनहरुको लागि प्रसाद व्यवस्थापन चण्डिका आमा समुहले, चियापति र चिनि एल. ए. सेकेन्डरी स्कुलका संस्थापक प्रिन्सिपल शालिकराम अधिकारीले र पिउने पानीको व्यवस्थापन वाइ सर्भिस क्लब अफ पोखरा नेपालले गरेको थियो । समितिका संयोजक बुद्धि बहादुर रानाभाटको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत टेकबहादुर भुजेलले र संचालन सचिव बिष्णु बहादुर खवासले गरेका थिए ।

# नवौं राष्ट्रिय खेलकुद : गण्डकीबाट सात सय दुई खेलाडीले प्रतिस्पर्धा गर्ने

पोखरापत्र संवाददाता
पोखरा, १० असोज

गण्डकी प्रदेशमा यही असोज २८ देखि कात्तिक ३ गतेसम्म सञ्चालन हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा गण्डकी प्रदेशबाट सात सय दुई खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन् ।

कास्कीसहित गण्डकीका सात जिल्लामा हुने प्रतियोगितामा गण्डकी प्रदेशले सर्वाधिक धेरै खेलाडी दर्ता गराएको हो । राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले आइतबारसम्म प्रतियोगितामा सहभागी हुने टोलीले खेलाडी दर्ता गर्नुपर्ने तालिका बनाएको थियो ।

राष्ट्रिय खेलकुदमा देशका सात प्रदेश, नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र गरी तीन विभागीय र एक गैरआवासीय नेपालीको टोलीले प्रतिस्पर्धा गर्नेछन् । राखेपको प्राविधिक उपसमितिका अनुसार गण्डकी प्रदेशपछि विभागीय नेपाली सेनाले छ सय ७३ खेलाडी दर्ता गरेको छ । यसैगरी सशस्त्र प्रहरीको एपिएफ क्लबले पाँच सय २२, नेपाल प्रहरीले चार सय ८८ र सुदूरपश्चिम प्रदेशले चार सय ३६ खेलाडीको नाम दर्ता गराएको छ। बागमती प्रदेशले चार सय ३०, प्रदेश नं १ ले तीन सय ७१, मधेस प्रदेशले दुई सय ६२, कर्णाली प्रदेशले एक सय ९७, एनआरएनएले एक सय ३११र लुम्बिनी प्रदेशले एक सय २३ खेलाडीको नामावली राखेपमा दर्ता गराएका छन् । आयोजक प्रदेशसमेत रहेको गण्डकीले प्रतियोगिताका ३६ वटै खेलमा सहभागिता जनाउने भएको छ । परिषद्का सदस्यसचिव तेजबहादुर गुरुङले सबै खेलमा भाग लिइने बताउनुभयो । गण्डकी प्रदेश खेलकुद परिषद्ले प्रदेशस्तरीय खेलकुद प्रतियोगिता आयोजना गरी खेलाडी छनोट गरिसकेको छ। छनोट भएका खेलाडीहरूलाई असोज १ गतेदेखि विशेष प्रशिक्षणमा राखिएको परिषद्ले जनाएको छ। दुई साताको विशेष प्रशिक्षणपछि बन्द प्रशिक्षण सुरु हुने सदस्यसचिव गुरुङले जानकारी दिनुभयो । गण्डकी प्रदेशले पदकको बढी आशा भएका कराँते र बास्केटबल खेलका खेलाडीहरूलाई हिमाली जिल्ला मनाङमा उच्च पर्वतीय प्रशिक्षण (हाइअल्टिच्युड ट्रेनिङ) सञ्चालन गरेको छ । पोखरासहित गण्डकी प्रदेशका सात जिल्लामा राष्ट्रिय खेलकुदअन्तर्गतका ३६ मध्ये ३५ खेलहरू हुँदैछन् । पूर्वाधार अभावमा सुटिङ खेल राजधानी काठमाडौंमा हुने तय गरिएको छ । अधिकांश खेलसहित प्रतियोगिताको उद्घाटन र समापन समारोह पोखरा रङ्गशालामा हुने खेलस्थल व्यवस्थापन उपसमितिका संयोजक राजेश गुरुङले बताउनुभयो । गण्डकीमा चार दशकपछि हुन लागेको राष्ट्रिय खेलकुदकमा ११ टोली सहभागी हुनेछन् भने प्रतियोगितामा तीन सय ९२ स्वर्ण, तीन सय ९२ रजत र छ सय कास्य गरी एक हजार तीन सय ८४ पदकका लागि प्रतिस्पर्धा हुनेछ ।

# चाडपर्व लक्षित बजार अनुगमन

पोखरापत्र संवाददाता
दमौली, १० असोज

नजिकिँदै गरेको चाडपर्वलाई ध्यानमा राखेर तनहुँका स्थानीय तहले बजार अनुगमनलाई तीव्र बनाएका छन् । दसैं, तिहार, छठजस्ता महान् पर्वलाई लक्षित गरी जिल्लाका स्थानीय तहले बजार अनुगमन थालेका हुन् ।

स्थानीय सरकार सञ्चालन ऐनले बजार अनुगमन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएको छ । सोही अधिकारको प्रयोग गर्दै आफ्नो पालिकाभित्र स्थानीय तहले अनुगमन सुरु गरेका हुन् । चाडपर्वको मौका छोपी कृत्रिम अभाव गर्ने र महँगी बढ्ने भएकाले त्यसलाई नियन्त्रणका लागि अनुगमन सुरु गरिएको व्यास नगरपालिकाका उपप्रमुख इन्दिरा दौलै बताउनुभयो । नगर क्षेत्रभित्र सञ्चालित खाद्यान्न पसलमा अनुगमन थालिएको र यो निरन्तर रहने उहाँले बताउनुभयो । अनुगमनका क्रममा फेला परेका म्याद गुज्रिएका सामग्री जफत गरी नष्ट गर्ने गरिएको छ ।

# सहकारीहरुलाई लाभांस मात्र नभई उत्पादनशील क्षेत्रमा लगानी गर्न मन्त्री बरालको सुझाव

पोखरापत्र संवाददाता
पोखरा, १० असोज



गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजीप्रसाद बराल जीवनले सहकारीहरुलाई लाभाम्स मात्र वितरण नगरी उत्पादनशिल क्षेत्रमा समेत लगानी गर्न आग्रह गर्नु भएको छ ।

पोखरा ८ नागढुंगामा रहेको सनसाइन बचत तथा ऋण सहकारी संस्थाको सोमबार पोखरामा सम्पन्न भएको २३ औं बार्षिक साधारण सभाको उद्घाटन गर्दै मन्त्री बराललें सहकारीले बार्षिक रुपमा वोनस मात्र वितरण नगरी कमितमा पनि ३० प्रतिशत उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्ने बताउनु भएको हो । आयात प्रतिष्थापन गरी स्वदेशमा कुटिरदेखि मध्यम हुदै ठुला ठुला उद्योग एवं कृषि फार्महरु संचालन गर्नुपर्ने उहाँको सुझाव थियो । उहाँले भन्नुभयो "हामीले संसारका धेरै मुलुकमा स्वदेशमा डलर त भित्राउछौं तर हाम्रा खेतवारीमा हुने सामान्य उत्पादन हुने बस्तु पनि अर्काको मुलुकबाट आयात गर्छौ भने हामी भोलि कहाँ जादैछौं एक पटक सोच्ने समय आएकोछ ।" डलरको मुल्य बुझेर यसको उचित ढंगले प्रयोग गर्दै बचाउन सक्नु नै हाल श्रीलंका जस्तो आर्थिक संकट हुनबाट बच्नु उत्तम उपाय भएको मन्त्री बरालको भनाई थियो ।

सहकारीको नाममा केही व्यक्तिहरुले अझै पनि एकाधिकार जमाउन खोजेकोले उनीहरु बिरुद्ध शेयर सदस्यहरु सचेत हुनुपर्ने मन्त्री बरालले बताउनुभयो। कार्यक्रममा गण्डकी प्रदेशका निवर्तमान सांसद राजीव पहारीले सहकारीलाई राज्यले वर्गीकरण गर्नुपर्ने बताउनुभयो । सहकारीका शिक्षा उपसमितिका संयोजक समेत रहनु भएका पहारीले राम्रो काम गर्ने अन्य सहकारीलाई एकै ढंगले हेर्न नहुने बताउनु भयो । त्यसैगरी संस्थाका संरक्षक गजकुमारी गुरुङले समाज परिवर्तको कुरा सबै क्षेत्रमा हुनुपर्ने बताउनु भयो। नेफ्स्कुन पोखराका फिल्ड प्रमुख यामकला पौडेलले नियमित बचत करिब ३० प्रतिशतसम्म पुर्याउन आग्रह गर्दै संस्थागत पूँजि ५ प्रतिशतको हुनु पर्ने बताउनु भयो ।

संस्थाका अध्यक्ष अग्निप्रसाद कँडेलको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा गौरी शंकर (साकोस) का अध्यक्ष रुद्रनाथ पौडेल, संस्थाका सल्लाहकार बिष्णु गुरुङ, कोषाध्यक्ष नेत्रलाल भण्डारी, सचिव नवराज अधिकारी लगायतले वोल्नु भएको थियो ।

# बगैचा टोलविकास संस्थाको तेस्रो साधारण सभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १० असोज



पोखरा महानगर पालिका वडा नं ६ मा अवस्थित बगैचा टोलविकास संस्थाको तेस्रो वार्षिक साधारण सभा सोमबार सम्पन्न भएको छ । साधारण सभासँगै आउदै गरेको विजया दशमी तथा शुभ दीपावलीको सन्दभमा शुभकामना आदान प्रदान गरिएको थियो ।

कार्यक्रमको उद्घाटन गर्दै पोखरा महानगर पालिकाका वडा नं ६ का वडा अध्यक्ष विष्णु बहादुर भट्टराईले बैदाममा रहेको अरु टोलविकास संस्था भन्दा बगैचा टोल विकास संस्था पृथक रहेको बताए । वडामा हुने प्रत्येक गतिविधिमा टोलविकास संस्था अग्रसर रही रहेको र आफ्नो टोलमा सरसफाई देखि विभिन्न सामाजिक कार्य गर्दै आएकोमा धन्यवाद ब्यक्त गरे ।

बैदाम क्षेत्र पर्यटकीय क्षेत्र भएकोले यँहाको हरेका कामहरु पर्यटकहरुबाट मुल्याङकन हुनै हुदा संस्थाले पर्यटक लाई आर्कषण हुने कार्य गर्न आग्रह गरे । बैदाम क्षेत्रलाई 'उज्यालो बैदाम' बनाउने कार्यमा वडा कार्यालय लागि परेको जानकारी दिदै बैदाम क्षेत्रका मुख्य चोक र भित्री बाटाहरुमा ५० देखि ३० वाडका बिजुलीका बल्वहरु राख्नका लागि वडाबाट रु ८ लाख रुपैयाको टेन्डर आव्हान गरि काम अगाडि बढेको सुनाए । बैदाम पर्यटकको प्रमुख आर्कषण केन्द्र रहेको स्मरण गर्दै, ६ ठाउँमा पर्यटक र अपाङमैत्रि स्मार्ट शोचालय बनाउने योजना रहेकोले, महानगरसँग बजेट निकासाका लागि छलफल भइरहेको बताए ।

कार्यक्रममा फेवा ढुङ्गा ब्यवसायी संगठन बैदामका अध्यक्ष बलराम गिरीले संस्थालाई गतिशिल र जिबन्त बनाउनका लागि संस्थामा आवद्ध ब्यक्तिहरुको भुमिका अहम् हुने बताए । उनले आफ्नो कर्तब्य सहि तरिकाले निर्वाह गरेमा संस्थाको उन्नति र प्रगति हुने हुदा यसलाई ब्यबहारमा लागु गर्ने आग्रह गरे । वडा सदस्य बासु बरालले वडाको विकास निर्माणका लागि वडा समितिको कार्यालय स्थानिय संघ संस्थाहरु सगँ सहकार्य गरि अगाडि बढने प्रतिबद्धता ब्यक्त गरे । संस्थाका अध्यक्ष मिना ढकालले संस्थाको शाख जोगाई राख्न संस्थाका सपूर्ण सदस्यहरुको विषेश भुमिका रहने बताउदै, सहमति र सहकार्यबाट नै संस्था सफल हुने ओल्याईन ।

सभाअध्यक्ष मिना ढकालको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष उर्मिला ढकाल, सचिव रेनु लामिछाने र कोषाअध्यक्ष राम ढकाल लगाएतका बक्ताहरु आफ्ना भनाई राखेका थिए ।


# त्रिवेणी इन्टरनेशनल कलेज लि. को वार्षिक साधारण सभा सम्बन्धी सूचना ।

यस कलेजले कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७९/०५/२९ को स्विकृत एवं प्रेषित पत्रानुसार लेखा परीक्षण सहित यहि मिति २०७९/०६/३१ गते सोमबार बिहान ११:०० बजेदेखि कलेज कै सभा हलमा छैठौं वार्षिक साधारण सभा संचालन गर्ने र सो सभामा आ.व. २०७७/०७८ को लेखा परीक्षण प्रतिवेदन, अध्यक्षको वार्षिक प्रतिवेदन, नयाँ आ.व. को लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण लगायत विविध विषयहरुमा छलफल एवं निर्णय हुने हुदाँ उक्त सभामा सम्पूर्ण शेयरधनी सदस्यज्यूहरुलाई उपस्थितिका लागि यो सूचना गरिएको छ ।

**अध्यक्ष**
**सुमन भट्टराई**
**त्रिवेणी इन्टरनेशलनल कलेज लि.**
**पोखरा-२७, तालचोक, कास्की**

# पद्म नर्सिङ्ग होम अब थप सुबिधा सहित नदिपुरमा

**पोखरापत्र संवाददाता**
**पोखरा, १० असोज**

पोखराको सबैभन्दा पुरानो निजी अस्पताल पद्म नर्सिङ्ग होम प्रा. लि. नदिपुरबाट संचालनमा आएको छ।

बिगत २७ बर्ष देखि पोखराको न्युरोडमा संचालनमा रहेको पद्म नर्सिङ्ग होम सोमबार घटस्थापनाको दिन देखि पोखरा-३ नदिपुरमा जापानीज प्रविधिमा निर्मित आफ्नै सुबिधा सम्पन्न भवन बाट संचालनमा आएको हो । नर्सिङ्ग होमले अहिले तत्काललाई इमर्जेन्सी सेवा, सबै प्रकारका बहिरङ्ग (ओपिडी) सेवा, अप्रेसन, जनरल वार्ड, अत्याधुनिक प्रयोगशाला, एक्सरे, भिडियो एक्सरे, इ.सि.जि., इकोकार्डियोग्राफी, इन्डोस्कोपी, फार्मेसी लगायत यस अगाडि प्रदान गर्दै आईरहेको सेवालाई यथावत राखेको जनाएको छ।

नर्सिङ्ग होमले अब छिट्टै नै आईसियु एनआईसियु, पिआईसियु सिटि-स्क्यान, एमआरआई लगायतका सेवा थप गर्ने तयारी गरेको प्रा.लि. का प्रबन्ध निर्देशक नरेन्द्र बास्तोलाले जानकारी दिनुभयो। "हामीले सबै प्रकारका सेवा दिने तयारी गरेका छौ । न्युरोडमा संचालनमा रहदा भएका सबै सेवालाई यथाबत संचालन गरेर आईसियु एनआईसियु, पिआईसियु सिटि-स्क्यान, एमआरआई लगायतका सेवा थपको तयारी गरेका छौ । केही काम बाँकी रहेकाले यी सेवाहरु सुरु भने भएका छैनन् अब छिट्टै यी सेवाहरु पनि सुरु हुने छन् ।" उहाँका अनुसार कार्तिक वा मंसिर सम्म यी सेवाहरु सुचारू गर्ने तयारी रहेको छ।

पद्म नर्सिङ्ग होम प्रा.लि. नदिपुरबाट बरिष्ठ नेत्ररोग विशेषज्ञ प्रा.डा.सचेत प्रभात श्रेष्ठ, बरिस्ठ रेडियोलोजिष्ठ डा. कालू शर्मा सुवेदी, बरिष्ठ मुटुरोग विशेषज्ञ डा. नारायण गौतम, बरिस्ठ नाक कान घाँटी रोग विशेषज्ञ डा. कुलदिप नारायण अग्रहरी, एलर्जी, छाला तथा यौन रोग विशेषज्ञ डा. प्रवीण बानियाँ, बरिस्ठ फेमिली फिजिसियन डा. तरुण पौडेल, बरिस्ठ स्त्रीरोग विशेषज्ञ डा. जुनु श्रेष्ठ, बरिस्ठ बालरोग विशेषज्ञ डा.रामचन्द्र बास्तोला, स्त्रीरोग विशेषज्ञ डा. लक्ष्मी सुनार, बालरोग विशेषज्ञ डा. नम्रता के.सी., नशा तथा हाडजोर्नी रोग विशेषज्ञ डा. उपेन्द्र जंग थापा, बरिष्ठ युरोलोजिष्ट डा. धुर्व अधिकारी, बरिस्ठ जनरल सर्जन डा. ऋषि ढकाल, जनरल सर्जन डा. ओम कार्की, फिजिसियन डा. सुदर्शन सुबेदी, एनेस्थेशिया डा.अनिल न्यौपाने, बाल दन्तरोग विशेषज्ञ डाक्टर भावना सिग्देल, ल्याप्रोस्कोपीक सर्जन डा. सुनिल ज्वारचन, एनेस्थेशिया डा. बसन्त कोइराला, बरिष्ठ नेत्ररोग रेटिना एवं फेको विशेषज्ञ डा. सयम बजिमय , नेत्ररोग विशेषज्ञ डा. जोत्सना शर्मा सुबेदी र फिजिसियन डा. असिम बाटाजु लगायतका चिकित्सकद्वारा विशेषज्ञ सुबिधा लिन सकिन अस्पतालले जनाएको छ। नदिपुरमा स्थानान्तरण भए संगै ५० बेड क्षमता बाट १ सय बेड क्षमतामा स्तर उन्नतिको तयारी गरेको नर्सिङ्ग होमले भौतिक निर्माणको कामलाई तिब्रता दिएको जनाएको छ।

नर्सिङ्ग होमबाट थप अनुभवी र बरिष्ठ डाक्टरहरुको परामर्शमा सेवा दिने गरेर तयारी थालिएको बताउदै प्रा.लि. का अध्यक्ष इन्दिरा शर्मा सुबेदीले निर्माणको काम अझै केही बाँकी रहेकोले थप सेवा संचालनमा आउन भने केही दिन लाग्ने सक्ने जानकारी दिनुभयो।

प्रा. लि. का संचालक एवं वरिष्ठ मुटुरोग विशेषज्ञ डाक्टर नारायण गौतमले पद्म नर्सिङ्ग होमलाई यस क्षेत्रकै उत्कृष्ट अस्पताल बनाउने गरेर काम गर्ने बताउदै सर्वसुलभ स्वास्थ्य सेवालाई सबैको पहुँचमा पुर्याउने आफुहरुको उदेश्य रहेको बताउनुभयो।

झण्डै तीन दशक देखि पोखराको न्युरोडबाट स्वास्थ्य सेवा प्रदान गर्दै आएको नर्सिङ होमले पोखरा- ३ नदिपुरबाट सेवा सुरु गर्दै बिगतमा सेवाग्राही बाट पाएको अपार माया र सद्भावका लागि आभार व्यक्त गरेको छ भने आगामी दिनमा पनि उस्तै माया र साथको अपेक्षा गरेको जनाएको छ।

# युनाइटेड नेपाल बहुउद्देश्यीय सहकारीको सोह्रौं वार्षिक साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, १० असोज**

युनाइटेड नेपाल बहुउद्देश्यी सहकारीको सोह्रौं वार्षिक साधारण सभा सोमबार घटस्थापनाका दिन सम्पन्न भएको छ।

साधारण सभाको प्रमुख अतिथि पोखरा फाइनान्सका सिइओ रविचन्द्र गुरुङ एवं विशेष अतिथि पोखरा रोयल सहकारीका सिइओ भिम गुरुङ रहेका थिए । कार्यक्रमका प्रमुख अतिथि रविचन्द्र गुरुङले हालको अवस्थामा सहकारी आर्थिक क्षेत्रको मेरुदण्ड भएकोले देश विकासमा सहकारीको प्रमुख भुमिका रहेको बताउनु भयो । सहकारी नीति, विधि र प्रविधि अनुसार सुशासनमा चल्नुपर्ने बताउनु भयो। विशेष अतिथि भिम गुरुङले आर्थिक कारोबारको लागि बैंक, फाइनान्स भन्दा सहकारी फरक रहेको भन्दै, सबै शेयर सदस्यहरुलाई आफूले लगानी गरेको सहकारीमा समय समयमा गई लगानीको बारेमा चासो राख्नुपर्ने बताउनुभयो। शेयर सदस्यहरुले मुनाफामा मात्र धेरै




चासो दिने हुँदा आफ्नो नियमित कारोवार पनि सहकारीमा नै गर्न आग्रह गर्दै जति धेरै सहकारीमा शेयर सदस्यहरुले कारोवार गर्छन् त्यति नै बढी मुनाफा वितरण गर्न सकिने बताउनु भयो।

सो आवसरमा सहकारीका अध्यक्ष पूर्ण बहादुर गुरुङले संचालकको तर्फबाट नीति कार्यक्रम तथा भावी योजनाको बारेमा आफ्नो वार्षिक प्रतिवेदन पेस गर्नुभएको थियो। कार्यक्रममा निवर्तमान अध्यक्ष पदम बहादुर गुरुङ, सल्लाहकार ई किसानसिंह गुरुङ, कोल्मा बहाकोट तमु समाजका अध्यक्ष लाल बहादुर गुरुङ लगायतले मन्तव्य राख्नुभएको थियो । सहकारीका उपाध्यक्ष क्या. दान बहादुर गुरुङले स्वागत मन्तव्य राख्नुभएको कार्यक्रममा सहकारीका सदस्य सिता गुरुङ, सदस्य लक्ष्मी गुरुङ, शिक्षा उपसमितिका संयोजक विमला गुरुङ, लेखा समितिका संयोजक शुशील कुमार श्रेष्ठ लगायतले स्वागत मन्तव्य राख्नुभएको थियो। कार्यक्रममा कोषाध्यक्षको पदम बहादुर गुरुङ र लेखा समितिको शुशिल कुमार श्रेष्ठले प्रस्तुत गर्नु भएको प्रतिवेदन सर्वसम्मत पारित भएको थियो । सो अवसरमा उत्कृष्ट बचत कर्ता धन बहादुर गुरुङ र सुर्कुदिप मिया एवं असल ऋणी तर्फ सुनिता गिरीलाई सम्मान गरिएको थियो। साथै जेष्ठ नागरिक रत्न कुमारी बस्नेतलाई पनि सम्मान गरिएको थियो । कार्यक्रममा असल कर्मचारी तर्फ खड्क बहादुर गुरुङका साथै जियाना थापालाई पनि सम्मान गरिएको थियो।

सहकारीका अध्यक्ष पूर्ण बहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सचिव कमला गुरुङले गर्नु भएको थियो भने सहकारीका सात सिद्धान्त यमुना गुरुङले वाचन गर्नुभएको थियो।

# सहकारी नीति, विधि र प्रविधिसंग जोडिनुपर्दछ निवर्तमान सांसद भट्टराई

**पोखरापत्र संवाददाता**
**पोखरा, १० असोज**

निवर्तमान प्रतिनिधि सभा सदस्य विद्या भट्टराई अधिकारीले सहकारी नीति, विधि र प्रविधिसंग सञ्चालन हुनुपर्ने बताउनु भएको छ।



सफल बचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखरा ७ घारीपाटनको १५ औं साधारण सभाको सोमबार उद्घाटन गर्दै उहाँले सहकारीको माध्येमबाट रोजगारी सिर्जना गर्दै गरिवी निवारणमा जोडदिनु पर्ने आवश्यकता औल्याउनुभयो । सार्वजनिक, निजी र सहकारीमार्फत मुलुकको समृद्धि र लोकतन्त्रको संस्थागत विकासमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्दै उहाँले सहकारी संस्थाहरु संगठित भएर उत्पादनसंग जोडिनुको विकल्प नभएको बताउनुभयो। सहकारीमा युवा शक्तिको सकृयता अपरिहार्य भएको उल्लेख गर्दै उहाँले सहकारी संञ्चालनमा देखिएका समस्या समाधानका लागि आप्नोतर्फवाट सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। नेप्सुन केन्द्रीय सञ्चालक कमला गिरिले सहकारी विभागद्धारा जारी ३५ बुदे निर्देशनको पूर्णरुपमा पालना गरेर सहकारी सञ्चालन हुनु पर्नेमा जोड दिंदैं उहाँले कोकोमिसमा आवद्ध हुन सहकारीहरुलाई आग्रह गर्नुभयो । पोखरा महानगरपालिका वडा नं.१७ का वडाअध्यक्ष राधिका शाही योगीले सहकारी बीच समन्वय र सहकार्य गर्दै आवश्यकता एवम् सम्भाव्यताका आधारमा उत्पादनसंग जोडिनु पर्ने बताउनुभयो।

कार्यक्रममा शेयर सदस्य तथा एकाघरका परिवारका जेष्ठनागरिक, विभिन्न विधामा सर्वोत्तकृष्ट विद्यार्थी र विश्वव्यापीरुपमा फैलिएको कोभिड १९ संक्रमणलाई जित्न सफल तथा उत्कृष्ठ वचतकर्ता र कारोवारीलाई दोसल्ला र सम्मानपत्रले सम्मान गरिएको थियो । संस्थाले शेयर सदस्यलाई उत्पादनसंग जोडिन र कृषिमा आवद्ध गराउने उदेश्यका साथ प्रत्येक शेयर सदस्यलाई ३५० वटा कागतीका विरुवा वितरण गरिएको थियो। रोपीएका कागतीका विरुवाको अवस्था बुझेर प्रतिवेदन पेश गर्नका लागि अनुगम गरिने संस्थाका सचिव गणेश श्रेष्ठले जानकारी दिनुभयो । संस्थाका अध्यक्ष बासुदेव पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा ७ का वडासदस्य वसुन्धरा लामिछाने, महानगर सहकारी संघ पोखरा अध्यक्ष बलराम गौतम, जिल्ला सहकारी संघ कास्कीका कोषाध्यक्ष नवराज बराललले सहकारीको निती नियमको अवस्था, महत्व र शेयर सदस्य एवम् सञ्चालकको भूमिका माथि चर्चा गर्नुभएको थियो। संस्थाका उपाध्यक्ष पवित्रा जिसीले स्वागत गर्नुभएको कार्यक्रममा अध्यक्ष बासुदेव पौडेलले बार्षिक प्रतिवेदन, कोषाध्यक्ष धनबहादुर रानाभाटले आर्थिक र लेखा सुपरिवेक्षण समितिका संयोजक रुकुमबहादुर जिसीले लेखा प्रतिवेदन प्रस्तुत गर्नुभएको कार्यक्रममा शेयर सदस्य दुर्गाकुमारी शर्मा पौडेलले सहकारी गित प्रस्तुत गर्नुभएको थियो।

# वाई सर्भिस क्लब अफ पोखराद्धारा खानेपानी वितरण

**पोखरापत्र संवाददाता**
**पोखरा, १० असोज**

वाई सर्भिस क्लब अफ पोखरा नेपालले नेपालीहरुको महान चाड वडा दशैंको पहिलो दिन घटस्थापनाको अवसरमा विभिन्न संघसंस्थाहरुले आयोजना गरेका धार्मिक शोभायात्रामा सहभागी महानुभावहरुको लागि निशुल्क खानेपानी वितरण गरेको छ।

पोखरा महानगरमा रहेको अत्यन्तै चर्चित देवीको मन्दिर विन्दवासीनी मन्दिर व्यवस्थापन समितिले हरेक वर्ष आयोजना गर्ने धार्मिक शोभायात्रामा हजारौं धर्माबलम्बीहरु सहभागी भएका थिए । उनिहरुको लागि क्लबले विभिन्न स्थानहरुमा खानेपानी राखेको क्लबका अध्यक्ष अरुण रानाभाटले वताए।

सोमबार एकै दिन सयौं भक्तजनहरुले उक्त सेवाको सदुपयोग गरेका थिए। स्थापनाको केहि समयमै क्लबले सामाजिक उत्तरदायित्व अन्तरगत खानेपानी वितरण गरेको कोषाध्यक्ष पुनम गुरुङले वताइन। साउथइष्ट एशिया रिजन अर्न्तगत हङकङ डिष्ट्रीक्ट अन्तरगत रहेको वाइ सर्भिस क्लब अफ पोखरा नेपालले गत हप्ता दक्षिण भारतको वाइज क्लबसंग भाइचारा सम्बन्ध पनि वनाएको सचिव पत्रकार कृष्ण रानाभाटले वताए।

क्लबमा बैंकर, प्रतिष्ठित व्यापारी, पत्रकार, पर्यटन व्यवसायी, नर्स, विद्यार्थी, इञ्जिनियरहरु गरी २५ जना आवद्ध रहेका छन्।

# कोटभैरवमा घटस्थापना र जाने मार्गको सरसफाई

**पोखरापत्र संवाददाता**
**पोखरा, १० असोज**

पोखरा महानगरपालिका वडा नं ३३ भरतपोखरीस्थित मल्लकालीन कोटभैरव मन्दिरमा सोमबार घटस्थापना गरिएको छ।

प्रत्येक वर्षको आश्विन शुक्ल प्रतिपदाको दिनमा घटस्थापना गर्ने प्राचीन प्रचलन अनुरुप आज विधिवत् रुपमा घटस्थापना गरिएको कोट भैरव मन्दिर संरक्षण एवम् पूजा व्यवस्थापन समितिका कोषाध्यक्ष कर्णकुमारी महतले जानकारी दिनुभयो।
मन्दिरमा घटस्थापना गरि दैनिक दुर्गा पाठ गरिने र सप्तमीका दिनमा फुलपाती भित्राउने, महाअष्टमी, महानवमीको विशेष पूजा गरिने उहाँले जानकारी दिनुभयो।

मन्दिरमा विजया दशमीका दिनमा सामुहिक टिकाप्रसाद ग्रहण गर्ने प्रचलन छ। यसैबीच घटस्थापनाकै अवसरमा मनियलडाँडाबाट कोटभैरव मन्दिर जाने बाटो सामुहिक रुपमा सरसफाई गरिएको सिलिङ्गे महिला चेतना समूहका सचिव सीता केसी महतले जानकारी दिनुभयो।

मन्दिरको दर्शन गरेमा मनले चिताएको पुग्ने जनविश्वासका कारण विशेषतः आश्विन शुक्ल पक्षका अवसरमा कास्की सहित स्याङ्जा, तनहुँ लगायत आसपासका स्थानबाट ठूलो सङ्ख्यामा दर्शनार्थी आउने गरेका छन्।

# नैतिक शक्ति भएको नेतृत्व चाहिएको छ : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**तनहुँ, १० असोज**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले जिल्ला र देशको समग्र रूपमा सर्वाङ्गिण विकासतर्फ अगाडि बढाउन आवश्यक रहेको बताउनुभएको छ। व्यास नगरपालिका-४ स्थित व्यास युवा क्लबद्वारा आज आयोजित तेस्रो व्यास युवा कप २०७९ '९' ए साइड फुटबल प्रतियोगिताको समापन गर्दै नेता पौडेलले चौतर्फी विकास गरिनुपर्ने बताउनुभयो।

मुलुकको समग्र विकास आवश्यक रहेको बताउँदै उहाँले देशलाई सुशासन दिने नैतिक शक्ति भएको नेतृत्व चाहिएको उल्लेख गर्नुभयो । तनहुँलाई नेपालभरको नमूना जिल्लाको रूपमा विकास गर्न आवश्यक रहेकाले अब विकास अगाडि बढ्ने उहाँले बताउनुभयो । "जिल्लामा बहुवर्षीय योजनाहरू सुरु भइसकेको छ । विकास हुनु भनेको बाटो, कालोपत्र मात्रै नभई जिल्लाको सर्वाङ्गिण विकासका लागि खेलकुद, संस्कृति, वातावरण, खानेपानीको विकास हो । जिल्लाले विकासको काँचुली फेर्ने अवस्थापमा रहेको छ", वरिष्ठ नेता पौडेलले भन्नुभयो, "स्वच्छ वातावरणको विकासको अभियानमा हामी लागि रहेका छौं।" सबै ग्रामीण क्षेत्रमा सडक पुर्‍याएकाले अब कालोपत्र गरी विकास गर्ने र सहज बनाउने उहाँले बताउनुभयो।


## पुतलीबजार नगरपालिका
## नगर कार्यपालिकको कार्यालय
### स्याङ्जा, गण्डकी प्रदेश, नेपाल

# करारमा सेवा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०७९/०६/११)

पुतलीबजार नगरपालिकाको लागि वडा विकास कार्यक्रम अन्तर्गत रहने गरी वडा विकास सहजकर्ताको रुपमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको दरखास्त फाराम, कार्य-विवरण, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट https//putalibazarmun.gov.np/ बाट उपलब्ध हुनेछ ।

१. सूचना एवं विज्ञापन सम्बन्धी विवरण

| विज्ञापन नं | पद नाम | संख्या | कैफियत |
|---|---|---|---|
| ३/२०७९/८० | वडा विकास सहजकर्ता (सहायक स्तर चौथो ) | १५ | |

२. न्यूनतम योग्यता :
- क) नेपाली नागरिक (महिला) ।
- ख) न्यूनतम योग्यता : नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट +२ वा सो सरह उत्तीर्ण गरेको ।
- ग) १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने ।
- घ) अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको ।

३. दरखास्त दस्तुर :- रु ५००/-

४. परिक्षा विधि :- लिखित तथा अन्तर्वार्ता (पुतलीबजार नगरपालिकाको वडा विकास कार्यक्रमस संचालन कार्यविधि २०७५ दोश्रो संसोधन २०७९ मा निर्दिष्ट गरिए बमोजिम हुनेछ ।)

५. दरखास्तमा संलग्न गर्नुपर्नेः उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, ३ प्रति पासपोर्ट साइजको फोटो संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्ने छ ।

विष्तृत जानकारीका लागिः-कर्मचारी प्रशासन शाखा तथा वडा विकास कार्यक्रममा सम्पर्क गर्न सकिनेछ, फोन नंः-९८४६०३०४७३ वा इमेलः-putalibazarmun@gmail.com

नोटः- वडा विकास कार्यक्रमस संचालन कार्यविधि २०७५ दोश्रो संसोधन २०७९, दरखास्त फारम, र लिखित परिक्षाको पाठ्यक्रम पुतलीबजार नगरपालिकाको वेबसाइट https: putalibazarmun.gov.np/ मा उपलब्ध छ ।

गणेश प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत